# भगवतीमाई गाउापालिका

## गाउाकार्यपालिकाको कार्यालय

## पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

## पुन: बोलपत्र आव्हानको सूचना

सुचना प्रकाशन मिति : (२०७६/०८/१० गते

यस कार्यालयको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु वोलपत्रको माध्यमबाट गराउन मिति २०७६/०७/०८ को नागरिक राष्ट्रिय दैनिकमा बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएकोमा कारणवश उक्त सुचना रद्द हुन गएकोले इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको पुन:बोलपत्र आह्वान गरिएको छ ।

१) यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा तोकिएको दिनसम्म वोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखानम्वर (PAN) प्रमाणपत्र,आ.व.२०७५/०७६ सम्मको कर चुक्ता वा आय विवरण पेश गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमानुसारको तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा नगदै बुझाई वा यस कार्यालयको नाममा प्रभु बैंकको संचित खाता हि.नं. १७७००२०१०९३२८८००००१ मा दाखिला गरी निवेदन साथ पेश गरेपछी वोलपत्र फारम यस कार्यालयवाट उपलब्ध गराइने छ ।

२) बोलपत्रखरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी वुझि वोलपत्र भरेको मानिनेछ ।

३) खरिद गरिएका बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेखित दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई वोलपत्रदर्ता गराउन सकिने छ ।

४) वोलपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिका कार्यालयको नाममा प्रभु वैंकमा रहेको धरौटी खाता हि.नं. १७७००२०१०९३२८८००००४ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा तपसिलमा उल्लेख भए वमोजिम म्याद भएको (वोलपत्र वुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त (क) वर्गको वैंकवाट जारी भएको विड वण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विड वण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा तपसिलमा उल्लेखित ३१ औ दिनको २:०० वजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र फाराम खरिद गर्ने वा दाखिला गर्ने मितिको अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्रउपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट वाहेकको अंक र अक्षरमा स्पष्ट वुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्र सम्वन्धी अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरे वमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेव साइट तथा सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित), अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीको लागी यस कार्यालयमा कार्यलय समय भित्र सम्पर्क गर्न सकिने छ ।

| क्र. सं. | बोलपत्र/ठेक्का नं. | योजनाको नाम | बोलपत्र फारम खरिद दस्तुर रु. | जमानत रकम | बोलपत्रदाताले पेश गर्ने बैंक जमानतको म्याद(दिनमा) | वोलपत्र खरिद गर्ने अन्तिम मिति सूचना प्रकाशित मितिले | वोलपत्र दाखिला गर्ने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले | ल.ई (कन्टिजेन्सी र मु.अ.क बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | **04/BRM/ 2076/077** | नेपाल राष्ट्रिय प्रावि ४ कोठे भवन निर्माण भगवतीमाई-१, पगनाथ, दैलेख । | ३,०००।- | ७६८००। | १२० | ३० औं दिन | ३१ औं दिन | २७१८५८४.०७ |
| २ | **05/BRM/ 2076/077** | शहिद मयाराम स्मृति पार्क पर्खाल निर्माण, भगवतिमाई ५,दैलेख | ३,०००।- | ७१७७५। | १२० | ३० औं दिन | ३१ औं दिन | २५४०७०७.९६ |
| ३ | **06/BRM/ 2076/077** | लोहोरे कट्टीखोला पुल, खाली डाडा, वडा कार्यालय देखी तप्लुङ वासुधारा सडक निर्माण, भगवतिमाई ७ वडाभैरव दैलेख | ३,०००।- | ९३३०८। | १२० | ३० औं दिन | ३१ औं दिन | ३३०२९२०.३५ |

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner